Website : besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.नं. ०७९/८० मिति :२०७९/०८/२७
च.नं.

## किसान सूचिकरण कार्यक्रम अन्तर्गत किसान सूचिकरण सहजकर्ता छनौटको लागि आवेदन दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/२७ गते**

यस बेसीशहर नगरपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत संघीय सशर्त अनुदान तर्फको किसान सूचिकरण सम्बन्धी कार्यक्रम अन्तर्गत वडा नं १,२,३,४ र ५ को लागि किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा १९ को उपदफा २ मा व्यवस्था भए बमोजिम किसान परिवारको वैयक्तिक तथा कृषि तथ्यांक संकलन र प्रविष्टको लागि किसान सूचिकरण सहजकर्ता आवश्यक परेको हुँदा तपशिल बमोजिम योग्यता पुगेका व्यक्तिहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस बेसीशहर नगरपालिकामा आवेदन दर्ता गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघि वा रीत नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ०६/०७९/८० | किसान सूचिकरण सहजकर्ता | १० |

- **आवश्यक न्यूनतम योग्यता :** न्युनतम १२ कक्षा उतिर्ण, कम्प्युटर सम्वन्धी ज्ञान सीप भएको, स्थानिय वासिन्दा र आफ्नै Android Phone, Pad, Tablet/Laptop भएकालाई प्रथमिकता दिईने, उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
- **आवश्यक कागजपत्र :** नेपाली नागरिकताको प्रतिलिपि , न्युनतम शैक्षिक योग्यता (१२ कक्षा उतिर्ण)को प्रमाणपत्र प्रतिलिपि ।
- **सेवा सुविधा :** किसान सुचिकरण कार्यक्रम कार्यान्वयन कार्याविधि २०७७ बमोजिम ।
- **परिक्षाको किसिम :** सिप परिक्षण र अन्तर्वाता ।

***[नोट : कृषि र पशु सम्बन्धि विषय अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिइनेछ ।]***

**थप जानकारीका लागि सम्पर्क नः बेसीशहर नगरपालिकाको कार्यालय, प्रशासन शाखा, फोन नं. ०६६-५२०१५०**

इमनाथ कंडेल
प्रमुख प्रशासकिय अधिकृत